यस गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक संख्या ०६/२०८२-०८३ मिति २०८२/०९/०७ गते बसेको बैठकका निर्णयहरू सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३५ तथा सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ को नियम २४ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि सार्वजनिक गरिएको छ ।

## संवत् २०८२ साल पुस ०७ गते बसेको गाउँ कार्यपालिका बैठकका निर्णयहरुको संक्षिप्त विवरण

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रशासन शाखा | यस गाउँपालिकाको गाउँ सभाको एक्काइसौं अधिवेशन संवत २०८२ पौस १४ गते सोमबार दिउसो ०१:०० बजे बस्ने गरी आव्हान गर्ने |
| | | संवत २०८२ पौस १४ गते सोमबारका दिन बस्ने गाउँ सभाको एक्काइसौं अधिवेशनका प्रस्ताव स्वीकृत गरी गाउँ सभामा पेश गर्ने । |
| | | अपिहिमाल गाउँपालिका र अर्जुनचौपारी गाउँपालिका, स्याङ्जा बीच भगिनि सम्बन्ध कायम गर्ने गरी गाउँपालिका अध्यक्ष श्री भक्त सिंह ठेकरे बोहरा र आर्जुनचौपारी गाउँपालिकाका अध्यक्ष श्री प्रकाश तिवारी बीच मिति २०८२।०८।१९ गते भएको सम्झौताको अनुमोदन गर्ने । |
| २. | शिक्षा यूवा तथा खेलकूद | आगामी आर्थिक वर्ष २०८३/०८४ मा कार्यान्वयनका लागि नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ ले निर्धारण गरे बमोजिमको साझेदारी बेहोर्ने गरी "डिजिटल सिकाई तथा प्रविधिमैत्री शिक्षण पद्दती विकास कार्यक्रम" सम्बन्धी प्रस्ताव पेश गर्ने । |
| | | गाउँपालिकास्तरीय राष्ट्रपति खेलकूद प्रतियोगितामा विद्यार्थीहरूलाई खेलकूदमा सहभागी तथा व्यवस्थापन गर्न विद्यालयलाई देहाय बमोजिमको नगद अनुदान उपलब्ध गराउने। |
| | | बिएससी एजीको प्रथम सेमेस्टर वा प्रथम वर्षमा अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ती उपलब्ध गराउन १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गरी कार्यान्वयन गर्ने । |
| ३. | आर्थिक प्रशासन शाखा | यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ का लागि विनियोजित बार्षिक बजेट तथा कार्यक्रम अन्तरगतका आयोजना तथा कार्यक्रम कार्यालयबाट कार्यान्वयन गरी सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको भुक्तानी दिने । |
| ४. | पर्यटन इकाई | गाउँपालिमा संचालन तथा कार्यान्वयनमा रहेको दिगो पर्यटन (STP) कार्यक्रमको संशोधित प्रस्ताव स्वीकृत गर्ने । |
| ५. | रोजगार सेवा केन्द्र | चालु आर्थिक वर्ष २०८२।०८३ का लागि राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तरगत प्राथमिकताक्रमको सूची स्वीकृत । |

रविन्द्र सिंह बोहरा
प्रवक्ता
अपिहिमाल गाउँ कार्यपालिका

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल